**२०७५ साल असार ०९ गते शनिबारको दिन बसेको लिखु गाउँ कार्यपालिकाको सत्रौं बैठकबाट भएका निर्णयहरुको व्यहोरा निम्न बमोजिम छन् :**

१. आर्थिक वर्ष २०७५/२०७६ को नीति तथा कार्यक्रम बैठकमा प्रस्तुत भयो । सो कार्यक्रममा आवश्यक परिमार्जन गरी मिति २०७५ असार १० गते बस्ने गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२. आर्थिक विधेयक, २०७५ कार्यपालिकाबाट स्वीकृत गरी २०७५ साल असार १० गते बस्ने गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. आगामी आर्थिक वर्ष २०७५/२०७६ को लागि विनियोजन विधेयक, २०७५ स्वीकृत गरी मिति २०७५ असार १० गते बस्ने गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. चालू आर्थिक वर्ष २०७४/२०७५ को लागि राजस्व र व्ययको अनुमान (बजेट) को मस्यौदा उपर छलफल भयो । उक्त मस्यौदा स्वीकृत संशोधित अनुमान समेत गरी मिति २०७५ साल असार १० गते बस्ने गाउँसभाको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।